नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९

चलानी नं: ८०२

सिंहदरबार, काठमाडौं

जमिति २०७८/१२/१४

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं।
श्री पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं।
श्री भाषा आयोग, संखमूल, काठमाडौं।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ,काठमाडौं।
श्री नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं।
श्री आदिकवि भानुक्त जन्मस्थल विकास समिति,तनहुँ।
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी।
श्री संस्कृतिक संस्थान, जमल, काठमाडौं
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्त, काठमाडौं।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी।
श्री बुहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा।
श्री तारा गाउँ विकास समिति, काठमाडौं।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, पुल्चोक।
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, थापागाउँ।
श्री नेपाल पर्यटन तथा होटल व्वस्थापन प्रतिष्ठान,रविभवन ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ।
श्री पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ्।
श्री केचना कञ्चनजंगा पर्यटन विकास समिति, इलाम।
श्री नेपाल पञ्चाङ्ग निर्णायक समिति, काठमाडौं।
श्री हलेशी महादेवस्थान विकास समिति, खटाङ्।
श्री नारायणहिटी दरबार संग्रहालय गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, दरबारमार्ग, काठमाडौं।

विषयः <u>सुझाव कार्यन्वयन सम्बन्धमा।</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नः.भ्र.नि./५२१/५३२८ मिति २०७८/१२/१० को पत्रमार्फत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.२५७७८ र मिति २०७८/१२/०४ को पत्रको छायाँ प्रति थान २ यसै पत्र साथ संलग्न छ। आयोगको मिति २०७८/११/२३ को बैठकबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम सरकारी निकायलाई दिईएको ३ बुँदाको सुझाव आवश्यक कार्यान्वयनको लागि पठाईएको बेहोरा निर्देशानुसार अनुरोध छ।

प्रविनहाङ योङहाङ
शाखा अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प सं ०७८/७९
च नं: भ्र. नि/५२१/ ५३२८

मिति: २०७८/१२/१०

श्री सबै मन्त्रालय/निकाय, सचिवालय।
श्री सबै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

**विषय : सुझाव कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. योजना /०७८/७९, च. नं. २५७७८ मिति २०७८/१२/०४ को पत्रको सन्दर्भमा लेखिदैंछ। आयोगले उजुरीहरूको छानबीन तथा अनुसन्धानको सिलसिलामा सरकारी निकायहरूबाट सम्पादन हुने कार्यमा सुधार गर्नुपर्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम सरकारी निकायहरूलाई सुझाव कार्यान्वयनका लागि लेखी पठाउने सम्बन्धमा अनुरोध भई आएको हुँदा ताहाँ मन्त्रालय/निकाय, सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सोही अनुसार सुझाव कार्यान्वयन गर्नु/गराउनु हुन पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(गुणा राई)
शाखा अधिकृत

**बोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(नीति, योजना, तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा)
टङ्गाल, काठमाडौं।

टेलिफोन : ४२००३३८,४२११०२५,४२११०४०,४२११०३५,४२११०८०,४२११०७३ फ्याक्स : ४२११०६५,४२११०८६
इमेल : opmcmsadachar@nepal.gov.np, info@nepal.gov.np वेव साइट : www.opmcm.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं।

(नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा)


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: ६०८४
मिति : २०७८।१२।६

पत्र संख्या :- योजना/०७८/७९
चलानी नं. :- २५६६८

मिति : २०७८।१२।०४

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

यस आयोगमा परेका उजुरीहरुको छानबिन तथा अनुसन्धानको सिलसिलामा सरकारी निकायहरुबाट सम्पादन हुने कार्यमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन आएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) (ख) बमोजिम सरकारी निकायहरुलाई तपसिल बमोजिम सुझाव लेखी पठाउने यस आयोगको मिति २०७८।११।२३ को बैठकबाट निर्णय भएको हुँदा प्रस्तुत सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई सबै मन्त्रालय, सचिवालय र सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरुलाई जानकारी गराउने व्यवस्थाको लागि सादर अनुरोध गर्दछु।

तपसिल

**सुझाव नं. १:**

सरकारी निकायमा प्रयोग हुने विभिन्न विद्युतीय सूचना प्रणालीको प्रयोगकर्ता विवरण (युजर नेम र पासवर्ड) सम्बन्धित कर्मचारी आफैंले प्रयोग नगरी अरुलाई प्रयोग गर्न दिने तथा दुरुपयोग गर्ने जस्ता बेथितिहरु बढ्दै जाँदा दीर्घकालीनरूपमा समग्र सार्वजनिक निकायको कार्यमा बाधा पर्ने र संवेदनशील सूचनाहरु चुहावट समेत हुन सक्ने देखिन्छ। सबै सरकारी निकायका जिम्मेवार कर्मचारीहरूलाई मात्र यस्ता विद्युतीय सूचना प्रणाली प्रयोगकर्ता विवरण उपलब्ध गराउन, पासवर्ड उपलब्ध गराएको प्रयोगकर्ताबाट भए गरेका काम कारवाहीहरुको समय-समयमा अनुगमनको व्यवस्था मिलाउन र म.ले.प. फारम नं. ९०१ र ९०२ को अनिवार्य प्रयोग गर्न गराउन सबै सरकारी निकायलाई परिपत्र गर्ने।

**सुझाव नं. २:**

कर्मचारी सरुवा/बढुवा भई जाँदा आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्ति, सार्वजनिक सम्पत्तिको हक हस्तान्तरण गर्ने निर्णय भएका फाइलहरु, जिन्सी सामग्री, कम्प्युटर अभिलेख, निर्णय फाइल तथा चिठ्ठीपत्रसहितका कागजातहरु अनिवार्यरूपमा बरबुझारथ गर्ने व्यवस्था मिलाउने, यसरी आफुले जिम्मा लिएका सामानहरु नबुझाउने कर्मचारीलाई जवाफदेही बनाउने समेत सबै सरकारी निकायलाई परिपत्र गर्ने।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

visit nepal 2020 Lifetime Experiences


पत्र संख्या :-

चलानी नं. :-

सुझाव नं. ३:

निजामती सेवा ऐन, २०४९ को दफा ५क. मा निजामती पदको कार्य विवरण सम्बन्धी व्यवस्था उल्लेख रहेको छ। ऐ. ऐनको दफा १८ख. मा निजामती कर्मचारीलाई जिम्मेवारी नदिई राख्न नहुने व्यवस्था उल्लिखित छ। निजामती सेवा नियमावली, २०५० को नियम ९ मा कार्य विवरणसम्बन्धी ऐनको व्यवस्थाको थप व्याख्या गरिएको छ। यसैगरी, ऐ. नियमावलीको नियम ७८ मा कार्य विवरण समेतको आधारमा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन हुने गरी सूचकहरु निर्धारण गरिएको छ।

सार्वजनिक निकायका कर्मचारीलाई कार्य विवरण प्रदान नगरिएको कारण कार्यसम्पादन सम्बन्धी त्रुटी एवम् कमी कमजोरी भएमा सो सम्बन्धमा सम्बन्धित निकायका प्रमुख समेत उत्तरदायी हुनुपर्दछ। तसर्थ, कार्य विवरण लागू गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा निजामती सेवाको पदमा कार्यरत कर्मचारीहरुको लागि उल्लिखित कानूनी व्यवस्था बमोजिम हुने गरी र अन्य सरकारी सेवा र सार्वजनिक संस्थानका कर्मचारीहरुको लागि सम्बन्धित कानुनमा तोकिए बमोजिम हुने गरी अनिवार्यरूपमा कार्यविवरण तयार गरी सम्बन्धित कर्मचारीलाई जानकारी गराई कार्यान्वयन गर्ने।

बोधार्थ तथा कार्यार्थ:-

१. श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं :- मातहतका सबै निकायलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।

२. श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं :- मातहतका सबै निकाय र सार्वजनिक संस्थानलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।

३. श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं :- सबै स्थानीय तहलाई समेत जानकारी गराई सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनुहुन।

२०७८/०२/०४

(श्याम प्रसाद भण्डारी)

सहसचिव


फोन: ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np